नेपाल सरकार
अर्थ मन्त्रालय
# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

मितिः- २०८२।१०।२९

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागले राजस्व चुहावट सम्बन्धी कसूरमा अनुसन्धान तथा तहकिकात सम्पन्न गरी जिल्ला बारा, परवानीपुर गाउँपालिका वडा नम्बर ०४ स्थायी वतन भई जिल्ला रूपन्देही, सिद्धार्थनगर नगरपालिका वडा नं. ०६, गल्लामण्डीस्थित एम एन पि सप्लायर्स (स्थायी लेखा नं. ६०९१४५८१२) को प्रोपाइटर मनोज पटेल र जिल्ला मोरङ कटहरी गाउँपालिका वडा नं. ०९ स्थायी वतन भई ललितपुर जिल्ला, ललितपुर महानगरपालिका-१५, सातदोबाटो बस्ने भोलाप्रसाद जयसवालको नाति, नारायणप्रसाद जयसवालको छोरा, शिवु एण्ड बिकी स्टोर (स्थायी लेखा नं. ३०३६६३८१०) को प्रोप्राईटर हरिओमप्रसाद जयसवालसमेत जना ९ विरूद्ध सम्मानित ललितपुर जिल्ला अदालत, लगनखेल, ललितपुरमा मिति २०८२/१०/२९ मा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २०(६) बमोजिम अभियोगपत्र दायर गरेको छ।

जिल्ला बारा परवानीपुर गाउँपालिका वडा नम्बर ०४ बस्ने, जिल्ला रूपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं. ०६, गल्लामण्डीस्थित एम एन पि सप्लायर्स (स्थायी लेखा नं. ६०९१४५८१२) को प्रोपाइटर मनोज पटेल समेतले आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ मा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई तिर्नु/बुझाउनु पर्ने राजस्व रकम नतिरी/नबुझाई २,१५,३२५ के.जी. सुर्ती चोरी पैठारी गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी सोही ऐनको दफा ४ को खण्ड (क), (ख), (छ), (ज) र (झ) बमोजिम कसुर गरेको पुष्टि भएको हुँदा भन्सार चोरी पैठारी, मूल्य अभिवृद्धि कर र आयकरतर्फसमेत गरी जम्मा बिगो रू. ३८,५०,४७,४२४।८० (अक्षरेपी अठतीस करोड पचास लाख सत्चालीस हजार चार सय चौबीस रूपैयाँ र असी पैसा मात्र) कायम गरी निज प्रतिवादी मनोज पटेललाई ऐ. ऐनको दफा २३(१) र दफा २३(१)(घ) बमोजिमको जरिवाना तथा कैद सजाय गर्ने, अर्का प्रतिवादी शिवु एण्ड बिकी स्टोर (स्थायी लेखा नम्बर ३०३६६३८१०) का प्रोपाइटर हरिओमप्रसाद जयसवालले एम एन पि सप्लायर्स (स्थायी लेखा नम्बर ६०९१४५८१२) ले चोरी पैठारी गरेको सुर्ती बिक्री वितरण गरेको देखिएको हुँदा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संशोधन सहित) को दफा ३ ले निषेध गरेको कार्य गरी ऐ. ऐनको दफा ४ को खण्ड (क), (ज) र (झ) बमोजिमको कसुर गरेको पुष्टि भएकाले मूल्य अभिवृद्धि कर र आयकरतर्फसमेत गरी जम्मा बिगो रू. ६,५२,८०,०२९।५१ (अक्षरेपी छ करोड बाउन्न लाख असी हजार उनान्तीस रूपैयाँ र एकाउन्न पैसा मात्र) बिगो कायम गरी ऐ. ऐनको दफा २३ को उपदफा (१) र दफा २३ (१) (ग) बमोजिम जरिवाना तथा कैद सजाय गर्ने, मुख्य प्रतिवादी मनोज पटेललाई सघाउने अर्का प्रतिवादीहरू जिल्ला पर्सा, वीरगञ्ज महानगरपालिका वडा नं. १० मा ठेगाना रही विविध यातायात तथा तत् सम्बन्धी सहायक सेवा प्रदान गर्ने साविक पशुपति रोड कैरियर नेपाल प्रा.लि. हालको परिवर्तित नाम पि.आर.सी लजिष्टिक एण्ड वेयर हाउजिङ प्रा.लि. (स्थायी लेखा नं. ३०१५८१४३५) र सो प्रा.लि. का सञ्चालक त्रय राजेन्द्र प्रसाद गुप्ता, मधु कुमारी गुप्ता र महेन्द्र प्रसाद गुप्तालाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ दफा २३ को उपदफा (३) बमोजिम मतियारको रूपमा मुख्य प्रतिवादी मनोज पटेललाई हुने सजायको आधा सजाय (जरिवाना र कैद) गर्ने र अर्का मुख्य प्रतिवादी हरिओमप्रसाद जयसवाललाई सघाउने प्रतिवादीहरू प्रभुराम श्रेष्ठ, दिनेश बासुकला र निरन कुमाललाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ दफा २३ को उपदफा (३) बमोजिम मतियारको रूपमा मुख्य प्रतिवादी हरिओमप्रसाद जयसवाललाई हुने सजायको आधा सजाय (जरिवाना र कैद) गर्ने समेत

नेपाल सरकार
अर्थ मन्त्रालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

गरी कुल रू. १,३१,८३,४२,३४८.१८ (अक्षरेपी एक अर्ब एकतीस करोड त्रियासी लाख बयालीस हजार तीन सय अठ्चालीस रूपैयाँ र पैसा अठार मात्र) र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति शुल्क बापतको रकम भराई पाउन समेतको मागदाबी लिई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २०(६) बमोजिम मिति २०८२/१०/२९ गते सम्मानित ललितपुर जिल्ला अदालत, लगनखेल, ललितपुरसमक्ष अभियोग पत्र दायर गरिएको छ।

मितिः २०८२ साल माघ २९ गते बिहीबार।

(कृष्ण कुमारी श्रेष्ठ)
प्रवक्ता/उपमहानिर्देशक